


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

एक-अर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-सास्कृतिक सहिष्णुता कायम राखौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक ३० गते मंगलबार ❑ 16 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रधानन्यायाधीशद्वारा बारलाई वार्तामा आउन आह्वान

**रासस**
**काठमाडौं, २९ कार्तिक**

प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराले आन्दोलनरत नेपाल बार एशोसिएन र सर्वोच्च बार एशोसिएनलाई वार्तामा आउन आह्वान गर्नुभएको छ।

उहाँले सोमबार प्रेस विज्ञप्ति जारी गरी बारलाई वार्तामा आउन आह्वान गर्नुभएको हो । "पारस्परिकता र हार्दिकताको त्यो क्रम जहाँबाट टुटेको छ, त्यहीँबाट समाधानको सम्भावना खोज्न सकिन्छ", विज्ञप्तिमा भनिएको छ, "विधिका पक्षमा दृढतापूर्वक उभिँदै न्यायपालिकाका एकै परिवारभित्र देखिएका समस्या समाधान गर्न विग्रहको बाटो छोडी संवादको मार्ग अवलम्बन सबैमा आह्वान गर्दछु।"



"जनताको न्यायिक अधिकारको रक्षा गर्ने कर्तव्य एवं अधिकार न्यायपालिकासँग मात्र सुरक्षित रहेको तथ्यलाई हृदयाङ्गम गरी यसको निर्वाध कार्यान्वयनतर्फ हामी सबैको दायित्व रहनुपर्दछ", विज्ञप्तिमा भनिएको छ, "कर्तव्य निर्वाह गर्ने सिलसिलामा यदाकदा पश्न उठ्दा त्यसलाई तत्काल सम्बोधन गर्दै बार एशोसिएसन र न्यायपालिका हातेमालो गरी एकअर्काका परिपूरकका रुपमा अगाडि बढ्दै आएको छ।"

विज्ञप्तिमा भनिएको छ, "तसर्थ विद्यमान गतिरोधलाई तत्काल अन्त्य गरी बन्दी प्रत्यक्षीकरणसहित नागरिकको न्याय प्राप्त गर्ने मौलिक अधिकार तथा न्याय निरूपण गर्ने हाम्रो कर्तव्यलाई निरन्तरता दिने वातावरण सिर्जना गर्नुपर्दछ भन्नु कुनै दुई मत रहनुपर्ने विषय होइन, यसको एकमात्र उपाय संवाद मात्रै रहेकाले तत्काल यसतर्फ संवेदनशील भइदिन सम्बद्ध सरोकारवाला पक्षमा हार्दिक आह्वान गर्दछु ।" सर्वोच्च अदालत आम जनताले न्याय पाउने अन्तिम पवित्र संस्था हो। यसभन्दामाथि र पवित्र अन्य कुनै संस्था छैन । हामी सबैको आशा र भरोसाका केन्द्रका रुपमा रहेको न्यायपालिकामाथि यसप्रकारले एकोहोरो प्रहार भइरहँदा हुने क्षतिले राज्यका अन्य निकायसहित हामी सबैलाई क्षति पुग्ने कुरामा सम्बन्धित सबैले मनन् गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ। "सर्वोच्च न्यायिक धरोहरका रूपमा रहेको सर्वोच्च अदालतलाई लामो समयसम्म अनिर्णयको बन्दी बनाउँदा उत्पन्न हुने परिणामले हामी न्यायपालिका सम्बद्ध सबैलाई त प्रताडित गरेको छ नै, यसले समग्र राष्ट्रलाई समेत मर्माहत र दुखित बनाएको छ", विज्ञप्तिमा भनिएको छ।

संविधानद्वारा स्थापना भएको सर्वोच्च न्यायिक अङ्ग र यसका प्रमुखमाथि एकपक्षीय ढङ्गले निरन्तररुपमा अत्यन्तै तथ्यहीन भ्रमपूर्ण र अनर्गल आरोप लगाउने काम भइरहनु अत्यन्त चिन्ताजनक विषय भएको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ।

## विधिको प्रयोग गर्दै छरितो सेवा प्रवाह गर्न मुख्यमन्त्री पोखरेलको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सूचना प्रविधिको प्रयोग गर्दै सेवाग्राहीलाई छरितो रुपमा सेवा प्रदान गर्न कर्मचारीलाई निर्देशन दिएका छन् । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले चौंथो र पाँचौ तहका कर्मचारीका लागि गरेको सेवाकालीन तालिमको उद्घाटनपछि मुख्यमन्त्री पोखरेलले उक्त निर्देशन दिएका हुन्।

अहिले पुराना ढड्डा पल्टाएर बस्ने बेला गइसकेको भन्दै उनले कार्यालय व्यवस्थापन र सेवा प्रवाह दुवै पक्षको ख्याल गरेर काम गर्न उनले आग्रह गरे। क्षमता अभिवृद्धि र कार्यशैलीमा परिवर्तन ल्याउनका लागि तालिमहरु हुने गरेर ती तालिमको उपलब्धि निकै कम हुने गरेको प्रसंग उठान गर्दै मुख्यमन्त्री पोखरेलले प्रदेश सरकार मातहतको प्रतिष्ठानले त्योभन्दा माथि उठेर काम गर्दै आएको बताए।

राजनीतिक परिवर्तनसँग सरकारको नेतृत्व फेरबदल भए पनि कर्मचारीतन्त्र स्थायी सरकार भएकाले गुनासो नआउने गरी प्रभावकारी काम गर्न उनले आग्रह गरे । 'हामी आउँछौं जान्छौं, दलको राजनीतिक




प्रतिबद्धता अनुसार हामीले कार्यक्रमहरु ल्याउँछौं, त्यसलाई कानुनी मान्यता पाउने गरी कार्यान्वयनमा लैजाने तपाईंहरु नै हो, तपाईंहरुको कार्यशैलीमा सरकारको सफलता र असफलता निर्भर छ ।' यो तालिमले कर्मचारीको वृत्ति विकासमा समेत सघाउने भएकाले त्यही अनुसार यसको उपभोग गर्नु पर्ने उनको भनाइ थियो । प्रदेश सरकार बजेटको सिमितताबीच अगाडि बढिरहे पनि कर्मचारीको क्षमता अभिवृद्धिका लागि कुनै कन्जुस्याइँ नगरेको उनले बताए। मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमालले तालिममा जुसुकैले पनि ज्ञान, सीप र व्यहारमा परिवर्तन गर्ने शैली सिक्ने भएकाले त्यसको अधिकतम उपयोग गर्न आग्रह गरे । मुख्यन्यायाधिवक्ता रोहितराज बास्तोलाले सेवाग्राही आएर पहिला ठोक्किने नै सहायकस्तरका कर्मचारीसँग भएकाले नरम र सहज व्यवहार प्रस्तुत गर्न आग्रह गरे । संघीय शासन प्रणालीमा ३ तहका सरकारबीच समन्वयकर्ताको भूमिका समेत कर्मचारीले निभाउनुपर्ने भन्दै उनले कर्मचारीमाथि सरकारले गरेको लगानीको सही नतिजा आउनुपर्ने उनको भनाइ थियो। कार्यक्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले सहायकस्तरका कर्मचारीका लागि थालेको ३० कार्यदिने तालिममा कार्यालय सञ्चालन तथा व्यवस्थापनका बारेमा शैद्धान्तिक व्याहारिक पक्षका विषयमा प्रशिक्षण दिइने जानकारी दिए । कर्मचारीको ज्येष्ठताका आधारमा मापदण्ड बनाएर कर्मचारी छनोट गरिएको र पहिलो चरणमा ६० जना

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मतदानस्थल र उम्मेद्वार मनोनयन दर्ता मिति तोकियो

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

नेपाली काँग्रेसको १४ औं महाविधेशन अन्तर्गत कास्कीमा हुने विभिन्न तहको अधिवेशनका लागि मतदानस्थल तोकिएको छ।

अधिवेशनका लागि कास्कीमा निर्वाचन अधिकृतका रुपमा खटिनु भएका रामचन्द्र पौडेल(आरसी पौडेल)ले सोमबार कास्की काँग्रेसका पदाधिकारी, क्षेत्र र प्रदेश सभाका सभापतिहरुसँग बैठक गरी मतदानस्थल तोकिएको कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो।

कास्की काँग्रेसका सभापति कृष्ण केसीको अध्यक्षतामा भएको बैंठकले जिल्ला, क्षेत्र र प्रेदश सभा अधिवेशनको अघिल्लो दिन उम्मेदूवार मनोनयन दर्ता गर्ने निर्णय गरेको छ। प्रवक्ता सिग्देलका अनुरसार, मंशिर ३ गते हुने प्रदेश सभा अधिवेशनका लागि २ गते, ६ गते हुने क्षेत्रीय अधिवेशनका लागि ५ गते र १० गतेको जिल्ला अधिवेशनका लागि ९ गते उम्मेदूवार मनोनयन दर्ता गर्नुपर्ने छ।

बैठकले मंशिर ६ गते हुने कास्की क्षेत्र नं १ को क्षेत्रीय अधिवेशनको मतदानका लागि तालचोकस्थित सुभम पार्टी प्यालेस, मंशिर ३ गते हुने १(क) को मतदानका लागि सोही सुभम पार्टी प्यालेस र १(ख)को मतदानका लागि माटेपानीस्थित एसआर केसी क्याटरिङ तोकेको छ। त्यस्तै, क्षेत्र नं २ को क्षेत्रीय अधिवेशनको मतदान नयाँबजार स्थित पोखरा प्रदर्शनी केन्द्रमा हुनेछ। २(क)को पोखरा विरौटा र २(ख)को पोखरा चिप्लेढुङ्गा पार्टी कार्यालयलाई मतदानस्थल तोकिएको छ। उता क्षेत्र नं ३ को अधिवेशनको मतदानस्थल हेमजास्थित पार्टी कार्यालयलाई तोकिएको छ। ३(क)को लागि हेमजास्थित पार्टी कार्यालय र ३(ख)को लागि नागडाडाँस्थित पार्टी कार्यालयलाई तोकिएको छ। मंशिर १० गते हुने जिल्ला अधिवेशनको मतदान पोखरा नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा हुने छ।

## प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङ समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयागले आज आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन पेस गरेको छ । प्रदेश प्रमुखको कार्यालय पोखरामा आयोजित एक कार्यक्रमका बीच उहाँले अख्तियार दुरुपयोग अनुसन्धान आयोग गण्डकी प्रदेश प्रमुख रमेश सिवाकोटीसमक्ष

बाँकी अन्तिम पृष्ठमा ▶▶

## चालक अनुमतिपत्रका लागि आवेदन दिन तीन सातामा चार लाख

**रासस**
**काठमाडौं, २९ कार्तिक**

लामो समयसम्म अवरुद्ध रहेको चालक अनुमतिपत्र भर्नेको सङ्ख्या तीन सातामा नै झण्डै चार लाख पुगेको छ।

यातायात व्यवस्था विभागले कात्तिक ८ गतेदेखि आवेदन पुनःखुलाएको थियो । दुई वर्षयता नियमितरुपमा सेवा चालू नभएकाले पनि थोरै समयमा धेरैको आवेदन परेको यातायात व्यवस्था विभागले जनाएको छ । कात्तिकभन्दा पहिलेसम्म झण्डै दुई लाख आवेदन दिएकाको परीक्षा लिन बाँकी रहेकामा अहिले त्यो सङ्ख्या झण्डै छ लाखको हाराहारीमा पुगेको विभागका प्रवक्ता डा लोकनाथ भुसालले बताउनुभयो। कोभिड सङ्क्रमणका कारण यातायात व्यवस्था कार्यालयलले परीक्षा लिने अवस्था नहुँदा आवेदन स्थगित गरिएको थियो। विभागले आवेदन लिइरहँदा यातायात व्यवस्था कार्यालयले पनि नियमितरुपमा परीक्षा सञ्चालन गरिरहेका छन् । दैनिकरुपमा नयाँ

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गणकलाई सहि विवरण दिनुहोस–जिसस प्रमुख अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

जिल्ला समन्वय समिति कास्कीका प्रमुख बैनबहादुर अधिकारी क्षेत्रीले राष्ट्रिय जनगणनाका लागि घरघरमा आउने गणकलाई सहि विवरण दिएर सहयोग गर्न आग्रह गर्नुभएको छ।

कास्की जिल्लाको रुपा गाउँपालिका वडा नं. ३ पोल्याङमा निर्माण गरिने नेपाल कुमाल सेवा समितिको पक्कि भवनको आज शिलान्यास गर्दै उहाँले सवै जातजातिले सत्य तथ्य पारिवारिक विवरण दिएर राज्यलाई सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

निर्माण गरिने भवनले कुमाल जातिको उत्थानमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै प्रमुख अधिकारीले भवन निर्माणसंगै अन्य आवश्यकताका लागि पनि आफ्नोतर्फबाट सक्दो सहयोग




गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

अल्पसंख्यकका रुपमा रहेका कुमाल समुदायहरु नेतृत्व विकाससंगै उत्पादनसंग जोडिदै आर्थिक उपार्जनतर्फ लाग्नुपर्ने उहाँको भनाई छ। विगतको जनगणना अनुसार नेपालमा कुमाल जातिको संख्या एक लाख २६ हजार मात्र रहेको तथ्याङ्कमा उल्लेख छ। रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले कुमाल समुदायको वाहुल्यता रहेको यस क्षेत्रको विकास निर्माणमा प्राथमिकता दिदैं आएको बताउनुभयो । साढे चार बर्षको अवधिमा यस वस्तिमा सडक, खानेपानी लगायत विकास निर्माणमा जोड दिदै आएको जानकारी दिनुभयो।

नेपाल कुमाल सेवा समिति कास्कीका अध्यक्ष मानेन्द्र कुमालले आफ्नो समुदायको हक अधिकारका लागि संगठित भएर लाग्न आग्रह गर्दै भवन निर्माणका लागि आफ्नो व्यक्तिगत तर्फबाट एक लाख १०५ रुपैया आर्थिक सहयोग गर्ने घोषणा गर्नुभयो।

छ लाख ९० हजार रुपैयामा खरिद गरेको पाँच आना जग्गामा निर्माण गरिने पहिल्लो तल्लामा छ कोठा र दोश्रो तल्लामा ट्रष्ट सभाहल सहितको सो भवन जिल्ला समन्वय समिति कास्कीको मौजाद कोषको २० लाख, गाविसको पाँच लाख र बाँकी विभिन्न संघ संस्था एवम् व्यक्तिबाट संकलन गरिने समितिका अध्यक्ष बलभद्र कुमालले जानकारी दिनुभयो।

कार्यक्रममा वडाअध्यक्ष रामजी अधिकारी, सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य सरिता कुमाल, नेपाल कुमाल सेवा समिति कास्कीका सदस्य मिनाकुमाल,हिरालाल कुमाल लगायतले भवन निर्माणले कुमाल समुदायिकलाई एकतावद्ध बनाउँदै मौलिक संस्कृतिकको संरक्षणमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।



# पुनर्निर्मित दुई सय वर्ष पुरानो हुडिकोट चौतारो उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

सिलिङ्गे महिला चेतना समूहको सकृयतामा पुनर्निमित पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीको हुडिकोटस्थित दुई सय वर्ष पुरानो चौतारो सोमबार उद्घाटन गरिएको छ।

समूहको पन्ध्रौं वार्षिक साधारणसभाका अवसरमा आयोजित विशेष समारोहकाबीच गण्डकी प्रदेशका उद्योग, पर्यटन, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कंडेलले चौताराको उद्घाटन गर्नुभयो । कार्यक्रममा मन्त्री कंडेलले प्राचीन सम्पदाको संरक्षण हामीहरूको दायित्व भएको बताउँदै समूहको सकृयतामा दुई शताव्दी पुरानो चौतारो जनस्तरको सहयोगबाट पुनर्निर्माण गरिनु प्रशंसनीय कार्य भएको बताउनुभयो । नेपालका वाइसे चौवीसे राजाहरूको समयदेखि अस्तित्वमा आएको हुडिकोट सहित यस आसपासका कोटभैरव, देउराली लगायतका स्थानको पर्यटकीय सम्भावना उजागर गर्नका लागि मन्त्रालयबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो । समूहका अध्यक्ष कर्णकुमारी महतले हुडिकोटको चौताराको ऐतिहासिक महत्व समेतलाई दृष्टिगत गरी एक लाख ५५ हजार ५५५ रुपैयाँ लागतमा जनस्तरको सहयोगबाट निर्माण गरिएको बताउनुभयो । समूहकै सकृयतामा मनियलडाँडाको चौताराका साथै ठाडाबारीमा प्रतिक्षालय निर्माण गरिएको र यहाँका पाण्डेबारी, सिलिङ्गेको चौतारा पनि पुनर्निर्माण गर्ने लक्ष्य राखिएको उहाँले जानकारी दिनुभयो । पोखरा महानगरपालिका वडा नं ३३ का वडा सदस्य शोभा नेपालीले ऐतिहासिक चौतारा निर्माणसँगै विभिन्न सामाजिक काममा समूहले सकृयताका साथ काम



गरिरहेको बताउँदै वडा भित्रका प्रत्येक सामाजिक काममा साथ र सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रिय समाचार समिति गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेलले पर्यटकीय रुपमा धेरै सम्भावना बोकेको हुडिकोट, मल्लकालिन कोटभैरव मन्दिर, देउराली मन्दिर आदिको प्रवर्द्धन गर्नु आवश्यक भएको बताउनुभयो । पोखराको फेवाताल सहित लेखनाथका तालहरू, माछापुच्छ्रे लगायतका हिमाली दृश्य एकसाथ अवलोकन गर्न सकिने यस क्षेत्रको पर्यटकीय सम्भावना उजागर हुनु अपरिहार्य भएको उहाँले बताउनुभयो । समूहका अध्यक्ष कर्णकुमारी महतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सरला महतले गर्नुभयो भने सञ्चालन सचिव सीता केसी महतले गर्नुभएको थियो । उक्त अवसरमा समाजसेवीहरू तीलक अधिकारी, पीताम्बर पौडेल, गुरुप्रसाद पौडेल, हरिराम पौडेल लगायतले समूहको सकृयता अनुकरणीय भएको बताउनुभयो । उक्त अवसरमा मन्त्री कंडेलले नवनिर्मित चौतारामा बरको बिरुवा रोप्नुका साथै ज्येष्ठ नागरिक तथा चौतारो निर्माणका सहयोगदातालाई सम्मान गर्नुभएको थियो । माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरिलगायतका हिमशृङ्खला तथा सेती नदी, सात तालको बगैंचा भनेर चिनिने लेखनाथ सहितको बृहत् पोखरा महानगर एकसाथ देख्न सकिने रमणीय हुडिकोटमा पछिल्ला वर्षमा आन्तरिक पर्यटक पुग्ने क्रम बढीरहेको छ । समुद्री सतहबाट एक हजार १४० मिटरको उचाइमा रहेको यो स्थलले समग्र भरतपोखरीको गरिमा र महत्व बढाएको यहाँका स्थानीयवासी बताउँछन् । उच्च पहाडी भू-भागमा रहेको यो ठाउँ सूर्योदय र सूर्यास्तको अवलोकनका लागि पनि उपयुक्त गन्तव्य हो । यहाँबाट माछापुच्छ्रे, अन्नपूर्ण हिमालदेखि लम्जुङ हिमालसम्मका रमणीय दृश्यलाई एक साथ नियाल्न सकन्छ । यहाँबाट कास्की, तनहुँ, लम्जुङ, मनाङ, गोरखा, चितवन, नवलपरासी, पाल्पा, पर्वत बागलुङ, म्याग्दी, स्याङ्जा जिल्लालगायत विभिन्न स्थान देखिन्छन् ।

पछिल्ला वर्षमा पोखराको विरौटा हुँदै पोखरा महानगरका बसका साथै पोखराबाटै पावरहाउस, गगनगौंडा हुदै मनियल डाँडासम्म स्थानीय मिनि बस गरी दुबैतर्फ सार्वजनिक यातायात समेत सञ्चालनमा आउँदा पर्यटकलाई ठूलै राहत महसुस भएको छ । मनियलडाँडा बसपार्कबाट निजी सवारी साधन हुने व्यक्तिहरू सवारीसधन लिएरै हुडिकोटसम्म नै पुग्न सक्छन् भने नहुनेले करिब १५ मिनेट हिड्नुपर्छ । पछिल्ला वर्षमा पर्यटकहरू आउने क्रम बढेसँगै मनियलडाँडा बसपार्कका साथै हुडिकोटमा नै होटल तथा रेष्टुरेन्ट बन्ने क्रमले पनि गति लिएको छ । पर्यटकको बढ्दो आगमनलाई लक्षित गरी हुडिकोटमा स्थानीय युवाले हुडिकोट भ्यु प्वाइन्ट सेन्टर नामक होटेल सञ्चालनमा ल्याएका छन् । पृथ्वीराजमार्ग अन्तर्गतको पावरहाउस चोकबाट मुसेटुँडा, तिक्लाङ, भञ्ज्याङ, मालागिरि, चिलाउने, धारापानी, मनियलडाँडा, कोटभैरव हुँदै हुडिकोटसम्म हाइकिङ गर्न चाहनेले नौ किलोमिटर दूरी पार गर्नुपर्छ ।

त्यस्तै पृथ्वीराजमार्ग अन्तर्गतकै आदर्शचोक भण्डारढिकबाट पुल्चोक, बरेलीचोक, चैनपुर, भिरखोरिया, भर्तिपोखरा र ठाडाबारी हुँदै हुडिकोटसम्म पनि हाइकिङ गर्न सकिन्छ । अर्कोतर्फ दक्षिणतर्फ बगेको सुरौदी खोलामा केही ठाउँमा पक्की पुल निर्माण गर्न सके तनहुँको दुलेगौंडाबाट सुरौदी कुर्लिडबराहसम्म पर्यटकलाई यातायातका साधनमा ल्याएर त्यहाँबाट छहरा, लाङ्दी, पावनडाँडा, जामुने, कुलेस्वाहाँरा, कोलडाँडा, सिलिङ्गे, माझथर हुँदै हुडिकोटसम्म अर्को हाइकिङको मार्ग विस्तार गर्न सकिने स्थानीयवासी बताउँछन् ।

वर्षात् वा हिउँद जुनसुकै समयमा वरिपरिका क्षेत्रमा हुस्सु, कुइरो लाग्दा पनि केही प्रभाव नपर्ने यो ठाउँबाट नाङ्गो आँखाले एकसाथ १४ जिल्लाको अवलोकन गर्न सकिन्छ । हुडिकोटबाट नजिकैको मल्लकालीन कोटभैरव मन्दिर पनि यहाँको अर्को धार्मिक पर्यटकीय आकर्षण हो । यो तीर्थस्थलमा कास्कीको साविकका भरतपोखरी, निर्मलपोखरी, कृस्ती गाविसका साथै स्याङ्जा र तनहुँका विभिन्न स्थानबाट दर्शनार्थीहरू आउने गर्दछन् । भैरवको स्मरणमात्रले पनि विपत्ति नष्ट हुने प्राचीन जनविश्वास यहाँको अर्को महत्वपूर्ण पक्ष हो । हाइकिङको मार्गमा नै रहेको हुडिकोट नजिकैको देउरालीमा लामो समयसम्म खडेरी परेमा स्थानीयवासी मिलेर पूजाआजा गरी पानी माग्ने गर्दछन् । 'हरहर महादेव' भन्दै पानी मागेमा त्यही दिन वा नभए एक दुई दिनभित्रमा पानी पर्ने गरेको स्थानीयवासी बताउँछन् ।

## प्रदेश...

प्रतिवेदन पेश गर्नुभएको हो । कार्यक्रममा प्रदेश प्रमुख गुरुङले संविधानले व्यवस्था गरेअनुसार आयोगहरूले इमान्दारिता र जिम्मेवारितालाई आत्मसात गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अख्तियारले सानामाछा मात्र समाप्तने नभई ठूला ठूला भष्टाचार गर्ने गतिविधिको अन्ययन अनुसन्धान गर्नुपर्ने बताउनुभयो । गण्डकी प्रदेशका १० जिल्लामा एक वर्षको अवधिमा ९३२ वटा उजुरी दर्ता भएका थिए भने ५०० वटा पछ्र्यौट भएको प्रतिवेदनमा उल्लेख छ ।

लुम्बिनी प्रदेशबाट हेर्दै आएको पूर्वी नवलपरासीमा भने कूल ४६ वटा उजुरी दर्ता भएकामध्ये १२ फछर्योट गरिएको छ । प्रतिवेदनअनुसार स्थानीय सरकारतर्फ सबैभन्दा उजुरी ४९१, सङ्घीय सरकार मातहतका २९५ र प्रदेश सरकारतर्फका १४६ उजुरी परेको अख्तियार दुरुपयोग आयोग अनुसन्धान आयोग गण्डकी प्रदेश प्रमुख सिवाकोटीले जानकारी दिनुभयो ।

मुलुकमा सबैभन्दा बढी प्रदेश नं २ मा २४.५६ प्रतिशत रहेको छ भने गण्डकी प्रदेशमा सबैभन्दा कम ७.१६ प्रतिशत तथा वागमती प्रदेशमा २२.५९, लुम्बिनी प्रदेशमा १३.७२, प्रदेश नं. १ मा १२.५४, सुदुरपश्चिम प्रदेशमा ११.५४ र कर्णाली प्रदेशमा ७.९८ प्रतिशत भष्टाचारसम्बन्धी उजुरी र प्रवृत्ति विश्लेषण रहेको पेस गरिएको प्रतिवेदनमा उल्लेख छ ।

## चालक...

आवेदन दिने बढिरहेको विभागका प्रवक्ता डा भुसालले बताउनुभयो ।

कात्तिकको दोस्रो सातादेखि नै आवेदन पुनःखुलाइएको भए पनि बीचमा झण्डै चार दिन अवरुद्ध भएको थियो । एकैपटक धेरै सेवाग्राहीले आवेदन भर्न खोज्दा समस्या आएको प्रवक्ता भुसालले बताउनुभयो । गत वर्ष पनि विभागले अनलाइन फाराम खुलाउनासाथ भर्न नसकिने समस्या देखिएको थियो । सेवाग्राहीको चापका आधारमा पनि सफ्टवेयरको क्षमता बढाइएकाले अहिले समस्या नआएको विभागले जनाएको छ । उहाँले भन्नुभयो, "अहिले अपडेट गरेपछि फारम बुझाउन सकिएन भन्ने गुनासो छैन ।" विसं २०७६ चैतमा कोभिडका कारण सरकारले बन्दाबन्दी लागू गरेसँगै नयाँ चालक अनुमतिपत्रको परीक्षा रोकिएको थियो ।

गत वर्ष माघमा सङ्क्रमण कम भएको भन्दै अनलाइन फाराम खुलाइएको भए पनि सङ्क्रमण पुनःबढेपछि स्थगित भएको थियो । दुई वर्षयता नियमितरुपमा परीक्षा हुन नसकेकाले धेरै सेवाग्राही परीक्षामा सहभागी हुन पाइरहेका छैनन् ।

# गण्डकीमा ५७ संक्रमणमुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ५७ जना कोरोना संक्रमणमुक्त भएका छन् ।

यस अवधिमा २६ जना संक्रमित थपिएको र एक जनाको मृत्यु भएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र, गण्डकी संयोजक नवराज शर्माले जानकारी दिनुभयो ।

मृत्यु हुनेमा स्याङ्जाको पुतली बजार नगरपालिका-८ का ६९ वर्षीय पुरुष रहेको उहाँले जानकारी दिनुभयो । निजसँगै प्रदेशमा कोरोना संक्रमण भई मृत्यु हुनेको सङ्ख्या एक हजार ४०३ जना पुगेको छ ।

प्रदेशमा सक्रिय संक्रमित ३२७ जना रहेको र होम आइसोलेशनमा २९२ जना रहेको जनाइएको छ ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बृाक्रोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




धान थन्काउने चटारो :
पोखरा महानगरपालिका-२५ हेमजाका कृषक धान थन्काउँदै । यहाँका कृषकलाई यति बेला धान थन्काएर आलु लगाउने चटारो छ । तस्वीर : कृष्ण दवाडी, रासस

# पोखरामा वाई वाई यु-१९ गण्डकी प्रदेश क्षेत्रीय छनौंट क्रिकेट प्रतियोगिता शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

वाई वाई यु-१९, गण्डकी प्रदेश क्षेत्रीय छनौंट क्रिकेट प्रतियोगिता आइतबारदेखि पोखरा रंगशालामा शुरु भएको छ । प्रतियोगिताको उद्घाटन खेलमा कास्कीले स्याँग्जामाथि ३ विकेटको जित निकालेको छ ।



टस जितेर ब्याटिङ्ग गरेको स्याँग्जाले ३८ ओभरमा सम्पूर्ण विकेट गुमाउँदै १ सय ३२ रन जोडेको थियो । स्याँग्जाका विष्णु पाण्डेले ३० तथा सुजन गौतमले १९ रनको पारी खेले । कास्कीका बलरहरु अभिषेक थापा र किरण पौडेलले ३/३ विकेट लिए । त्यस्तै सुवास भण्डारीले २ तथा देव शाह र प्रमोद बाँस्तोलाले १/१ विकेट लिन सफल भए । जितका लागि १ सय ३३ रनको लक्ष्य पछ्याएको कास्कीले ३० ओभरमा ७ विकेट गुमाएर जित हाँसिल गऱ्यो । कास्कीको तर्फबाट म्यान अफ द म्याच अर्जुन कुमालले ७० बलमा ६९ रनको महत्वपूर्ण योगदान दिए । उनको पारीमा ११ चौका सामिल थियो । त्यस्तै सुवास भण्डारीले १५ रन जोडे । स्याँग्जाको वलिङ्गमा संदिप खत्रीले ३, करण पंगेनीले २ तथा टिकाराम गौतम र तुल्सीराम भण्डारीले १/१ विकेट लिए । यसअघि व्याटिङ्ग गरेर प्रतियोगिताको उद्घाटन गर्दै भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्काले नेपालले छोटो समयमै क्रिकेट खेलमा अन्तर्राष्ट्रिय सफलता हाँसिल गरेको भन्दै अन्य खेलको तुलनामा क्रिकेट खेलमै बढि सम्भावना देखिएको बताउनुभयो । क्रिकेट विकासका लागि सरकारले भौतिक पूर्वाधारमा जोड दिनुपर्ने बताउँदै गण्डकी प्रदेश सरकारले पनि खेलकुदलाई प्राथमिकतामा राखेको जनाउनुभयो । आफु पनि क्रिकेट प्रेमी भएको बताउँदै यो खेलको विकासका लागि सक्दो प्रयास गर्ने मन्त्री खड्काले बताउनुभयो । उद्घाटन समारोहमा बोल्दै प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव तेज गुरुङ्गले क्रिकेट खेलले अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय गरिमा बढाएको भन्दै यसको विकासका लागि पूर्वाधारमा जोड दिनुपर्ने बताउनुभयो । खेलाडीहरुमा व्यवसायीकता नआइन्जेल खेलले गति लिन नसक्ने गुरुङ्गको भनाई थियो । क्षेत्रिय क्रिकेट संघ गण्डकीका अध्यक्ष देवेन्सन प्रजुले छोटो तयारीमै यो प्रतियोगिता आयोजना गरिएको जनाउँदै सहभागी टिमहरुप्रति कृतज्ञता जाहेर गर्नुभयो । जितसंगै खेलाडीहरुको व्यक्तिगत प्रदर्शन पनि महत्वपूर्ण हुने उहाँले जनाउनुभयो । कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले सञ्चालन गर्नुभएको कार्यक्रममा नेपाल क्रिकेट संघका सदस्य ऋषिराम गौतम, क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगी लगायतको उपस्थिती रहेको थियो । राउण्ड रोविनको आधारमा छ दिन सम्म चल्ने प्रतियोगितामा कास्की, तनुहँ, नवलपुर र स्याँग्जा गरि चार टिमले भाग लिएका छन् ।

## बिधिको...

छानिएको उनले बताए । १ सय २० जनालाई यो तालिम प्रदान गरिनेछ । तालिममा ११ जिल्लामा संघ, प्रदेश र स्थानीय तहका कार्यालयका कर्मचारी सहभागी छन् । २० महिना अघि स्थापित प्रतिष्ठानले ५ वर्षे रणनीति बनाएर त्यही अनुसार अगाडि बढेको उनले बताए ।


२ वर्ष भित्रमा सुविधासम्पन्न भवन निर्माण गरेर प्रशिक्षण र अनुसन्धानमा प्रतिष्ठानलाई अब्बल सावित गर्ने प्रतिबद्धता उनले जनाए । यो तालिम लिएपछि कर्मचारीको बढुवाका लागि २ नम्बर थपिन्छ । तालिमका सूचना प्रकाशन गर्दा १ सय ७८ जनाले आवेदन दिएको र तीमध्ये १ सय २० जना छानिएका हुन् । बाँकीलाई पनि क्रमश तालिम प्रदान गरिने पाण्डेले बताए ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

**सम्पादकीय**

# स्थानीय तहमा बढ्दो अनियमितता

स्थानीय तहहरूमा आर्थिक अनियमिता बढ्दै गएको देखिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा संघीय मामिला (स्थानीय तहसमेत) का बारेमा परेका भ्रष्टाचारसम्बन्धी उजुरीले अनियमिता हुने गरेको देखिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३१ औं प्रतिवेदनले सबैभन्दा बढी संघीय मामिला (स्थानीय तहसमेत) क्षेत्रमा भ्रष्टाचार भएको देखाएको छाजनताको नजिकैको सरकार स्थानीय तह भएको हुँदा अनियमितता देख्नेबित्तिकै उजुरी गर्ने बानी परेको छ। कूल उजुरीको करिब ३२.७२ प्रतिशत संघीय मामिला (स्थानीय तहसमेत) का छन् ।

यसैगरी शिक्षा (स्थानीय तहसमेत) को १५.६१, भूमि प्रशासनको ९.०९, वन तथा वातावरणको ५.०१, स्वास्थ्य तथा जनसङ्ख्याको ३.९३, भौतिक पूर्वाधार तथा यात(यातको ३.७६, गृह प्रशासनको ३.४७, ऊर्जा जलस्रोत तथा सिँचाइको ३.०९ र अर्थको २.०९ रहेका छन् । धेरै आर्थिक कारोबार हुने भन्दा जनताको सरोकारवाला निकायमा चासो जाने गरेको छ । ठूलो आर्थिक चलखेल हुने क्षेत्रमा अख्(तयारको गहिरो अनुसन्धान हुनुपर्ने देखाएको छ । स्थानीय तह मात्र होइन प्रदेशमा पनि अवस्था उस्तै रहेको छ । संचार माध्यमले सार्वजनिक गरेको समाचारका आधारमा पनि प्रदेश नं दुई सबैभन्दा बढी अनियमितता हुने गरेको छ ।

प्रदेशगत आधारमा सबैभन्दा धेरै २ नं प्रदेशबाट भ्रष्टाचारसम्बन्धी उजुरी आयोगमा दर्ता भएका छन्। आयोगमा प्रदेश १ बाट १२.५४ प्रतिशत, प्रदेश २ बाट २४.५६, वाग्मती प्रदेशबाट २२.५९, गण्डकी प्रदेशबाट ७.१६, लुम्बिनी प्रदेशबाट १३.७२, कर्णाली प्रदेशबाट ७.९८ र सुदूरपश्चिम प्रदेशबाट ११.४५ प्रतिशत उजुरी परेको छ । गण्डकी प्रदेशमा कम अनियमितता भएको देखाएको छ । आव २०७७/७८ मा आयोगमा भ्रष्टाचारसम्बन्धी २२ हजार ६२५ उजुरी परेको थियो । तीमध्ये १४ हजार ५३२ उजुरी प्रारम्भिक छानबिनबाट फर्छ्यौट भएको आयोगले जनाएको छ । आठ हजार ९३ उजुरी चालु आवमा सरेका छन् ।

आयोगले प्राप्त उजुरीको विस्तृत अनुसन्धान गरेर ४८८ उजुरीमाथि कारबाही गरेको छ । एक सय १४ वटा मुद्दा दायर गरिएको, ८८ वटा सुझाव दिइएको, ११ वटा कारबा(हीका लागि लेखी पठाइएको, २६४ मुद्दा तामेली र ५ वटा मुल्तबीमा राखिएको आयोगले जनाएको छ । कारबाहीबाट आयोगले रु छ करोड ३६ लाख ९० हजार २२४ रुपैयाँ असुरउपर गरेको छ । अदालतले थोरै सजाय गरिदिने हुँदा अख्तियारले अनुसन्धानलाई गहिराइमा हुनुपर्ने देखाएको छ। आयोगले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयन गर्न सरकारलाई सुझाव दिएको छ । आयोगले विद्यमान खर्चिलो निर्वाचन पद्धतिमा सुधार गर्न, राजस्व चहावट नियन्त्रण गर्ने, कर छुट र मिनाहा दिने प्रवृत्ति बन्द गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

यस्तै सुशासन र सदाचार प्रवर्द्धन, राजश्व चुहावट नियन्त्रणलगायत सार्वजनिक वित्त, सार्वजनिक सेवा प्रवाह र सेवाग्राहीको सरोकार, सार्वजनिक खरिद तथा आयोजना/कार्यक्रम व्यवस्थापन, कृषि, भूमि, वन तथा वातावरण, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सञ्चार सूचना प्रविधि र पर्यटनसम्बन्धी विषयमा सरकारलाई सुझाव दि(एको छ । सरकारको ध्यान सुशासन कायम गर्न गएको छैन । पछिल्लो समयमा गठबन्धन सरकार बनाएर राज्यकोषबाट दोहन गर्ने प्रवृत्ति बढ्दो छासरकार र राजनीतिक दलले सुशासनका लागि प्रतिबद्धता नजनाएसम्म अनियमितता बढेर जानेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : आर्थिक समस्या | धनु | : व्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : मानसिक तनाव | कुम्भ | : शत्रुको भय |
| कन्या | : शारीरिक झमेला | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# डिजिटल गण्डकी प्रदेश बनाउन आइएमएसले महत्वपूर्ण भूमिका खेल्ने : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ कार्तिक**

गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापाले गण्डकी सरकारको डिजिटल गण्डकी प्रोभिन्स अभियानलाई साकार बनाउन आइएमएसले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ ।

आइएमएस सफटवेयर माध्यम सार्वजनिक भएको डिजिटल पेमेन्ट प्रविधिको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै उहाँले आइएमएस सफ्टवेयरले डिजिटल पेमेन्ट इन पोखरा उद्देश्य राखेर ल्याएको क्यूआर सेवा मार्फत पोखरेली मात्र नभई भावी दिनमा समग्र गण्डकी प्रदेशले नै लाभ लिने विश्वास व्यक्त गर्नुभएको छ । 'आइएमएस सफ्टवेयरले डिजिटल पेमेन्ट इन पोखरा क्यास होइन क्यूआर गरौं भन्ने प्रविधि ल्याउनु आफैमा सहानिय काम हो । यसले पोखरालाई डिजिटल पोखरा बनाउन मदत पुग्छ । पोखरामा अब क्यास नभई क्यूआर माध्यम पेमेन्ट गर्ने व्यवस्था हुनु सकरात्मक पक्ष हो ।', उहाँले भन्नुभयो ।

मन्त्री थापाले आइएमएसले भित्र्याएको डिजिटल पेमेन्टले क्यासलेस प्रविधिलाई प्रोत्साहन गरेको बताउनुभयो । सुशासन कायम गर्न र छिटोछरितो सेवा प्रवाह गर्नको लागि आइएमएसले ल्याएको डिजिटल प्लाटफर्म सहयोग सिद्ध हुने विश्वास उहाँको छ । नोट बनाउँदा धेरै रकम खर्चनुपर्ने भएकाले डिजिटल पेमेन्ट मार्फत त्यसको बचत समेत हुने भनाई मन्त्री थापाको छ । 'डिजिटल मार्केटको विकास सँगै इकर्मसकलाई समेत यस्तो प्रकारको प्रविधि प्रभावकारी हुन्छ', उहाँले भन्नुभयो,'समयसँगै प्रविधिको प्रयोग समेत गर्दै गए जनजीवन सरलीकृत हुन्छ ।'

डिजिटल पेमेन्ट पछिल्लो समय आधारभूत आवश्यकताका रुपमा देखा परेको मन्त्री थापाले बताउनुभयो । पकेटमा पैसा बोकेर हिड्नुपर्ने बाध्यतालाई डिजिटल क्यास पेमेन्टले न्यूनिकरण गरिरहेको उहाँको बुझाई छ । पोखरामा सबै उद्योगी व्यवसायी देखि कार्यालयले समेत आइएमएसले ल्याएको प्रविधिको सक्दो उपयोग गर्नुपर्ने धारणा मन्त्रीको थापाको छ ।

# युवालाई अघि बढाउनका लागि सहयोग गर्न तयार छु : मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**लमजुङ, २९ कार्तिक**

गण्डकी प्रदेशका युवा तथा खेलकुदमन्त्री राजीव गुरुङले युवालाई अघि बढाउनका लागि सहयोग गर्न तयार रहेको बताउनुभएको छ ।

मर्स्याङ्दी गाउँपालिका-३ खुदीबजारस्थित खुदी युथ क्लबद्वारा सोमबार यहाँ आयोजित हरिबोधिनी ठूली एकादशीको मेला, २०७८ को उद्घाटन गर्दै उहाँले युवाको चाहनाअनुरुप अघि बढ्ने उल्लेख गर्नुभयो । प्रदेश सरकारले युवा लक्षित कार्यक्रमलाई प्राथमिकता दिँदै आएको मन्त्री गुरुङले स्पष्ट पार्नुभयो । 'युवालाई अघि बढाउन युवा स्वरोजगार कार्यक्रम अघि सारेका छौं', उहाँले भन्नुभयो । प्रदेश सरकारले युवालाई रु २५ लाखसम्म बिना ब्याजमा अनुदान दिँदै आएको छ । युवा स्वरोजगार कार्यक्रममा पुरुष मात्र नभएर महिलालाई पनि संलग्न गराउनुपर्नेमा उहाँले जोड दिनुभयो । फरक प्रसङ्गमा मन्त्री गुरुङले अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले मेला महोत्सवले मेलमिलाप र संस्कृतिको जगेर्ना गर्न योगदान पुऱ्याउने बताउनुभयो। कार्यक्रममा उपाध्यक्ष होमबहादुर विक, वडा नं १ का अध्यक्ष इन्द्रमान गुरुङ, वडा नं ३ का अध्यक्ष प्रेमबहादुर बस्नेत, वडा नं ९ का अध्यक्ष नारायणबहादुर थापालगायतले आ-आफ्ना धारणा राख्नुभएको थियो ।

# भारतको सहयोगमा ५० हजार निजी आवास पुनःनिर्माण

**रासस**
**काठमाडौं, २९ कार्तिक**

भारत सरकारको आर्थिक तथा राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र राष्ट्रसङ्घीय परियोजना सेवा कार्यालय (युएनओपीएस) को प्राविधिक एवं सामाजिक सहजीकरणमा गोरखा र नुवाकोट जिल्लामा ५० हजार निजी आवास पुनःनिर्माण भएका छन् ।

गोरखा भूकम्पबाट ती जिल्लामा भत्केका भवन पुनःनिर्माणको परियोजना सञ्चालन गरेको भारत सरकारले आज उक्त परियोजना पूरा भएको जनाउँदै परियोजनाबाट सिकेका पाठ र अनुभवबारे जानकारी दिन आज यहाँ कार्यशाला गरेको छ । कार्यशालाका प्रमुख अतिथि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले उत्थानशील पुनःनिर्माणमा सघाएकामा भार तसहित नेपालका विकासका साभ्मेदारप्रति हार्दिक आभार व्यक्त गर्दै विपद् व्यवस्थापनको क्षेत्रमा प्राधिकरणले धेरै पाठ सिकेको बताउनुभयो ।

भारतीय राजदूतावासका नियोग उपप्रमुख नामग्य सी खम्पाले नेपालसँगको सम्बन्धलाई भारतले उच्च महत्व दिएको बताउँदै आज सम्पन्न परियोजनाले जनस्तरको आपसी सम्बन्धलाई थप उजागर गरेको उल्लेख गर्नुभयो । नेपाल सरकारका विकास-निर्माणका साथै पुनःनिर्माणका प्रयासमा भारत सरकारले निरन्तर सहयोग गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

युएनडिपीका आवासीय प्रतिनिधि आइसानी मेदागाङगोदा लाबेले विपद् व्यवस्थापनमा नेपाल सरकार र विकासका साभ्मेदार हरूसँग सहकार्य एवं साभ्मेदारी गर्न युएनडिपी सधैँ तत्पर रहेको बताउनुभयो। उहाँले विपद् जोखिम घटाउनेसम्बन्धी सेन्डाइ संरचना कार्यान्वयनमा नेपाल सरकार संवेदनशील रहने विश्वास व्यक्त गर्नुभयो । कार्यशालामा निजी आवास पुनःनिर्माण परियोजनालाई प्रभावकारी ढङ्गले सफलतापूर्वक सम्पन्न गर्न स्थानीय सरकार र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका निकायले निर्वाह गरेको निर्णायक सराहना गरिनाका साथै परियोजनासँग सम्बन्धित प्रमुख सरोकारवालाले आफ्ना अनुभव सुनाएका थिए ।

उत्कृष्ट अभ्यासहरूबारे जानकारी दिनुका साथै परियोजनाबाट सिकेका मुख्य सिकाइहरू सहभागीले आदानप्रदान गरेका थिए । स्थानीय सरकारलाई मार्गदर्शन र भविष्यमा उपयोगी हुनसक्ने परियोजनाको प्रभावकारिताबारे पनि सामूहिक छलफल भएको थियो ।

विसं २०७२ को भूकम्पबाट प्रभावित नेपालका ११ जिल्लामा ७१ वटा शिक्षाकेन्द्रसँग सम्बन्धित परियोजना, १३२ वटा स्वास्थ्य भवन तथा २८ वटा सांस्कृतिक सम्पदास्थलको पुनस्थापना एवं प्रबलीकरणका लागि भारत सरकार राष्ट्रिय पुनःनिर्माण प्राधिकरणसँग मिलेर काम गरिरहेको छ ।

# ४१६ मा कोरोना

**रासस**
**काठमाडौं, २९ कार्तिक**

देशभर पछिल्लो २४ घण्टामा थप ४१६ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय १२ हजार ४०२ को परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

यससँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या आठ लाख १७ हजार ३३३ पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ९५ हजार १३६ जना रहेको छ । आज २७० जना निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या सात लाख ९८ हजार ५४४ पुगेको छ । निको हुने दर ९७.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ४७८ पुगेको छ। पछिल्लो २४ घण्टामा थप एक जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। अहिले यस रोगबाट हुने मृत्युदर १.४ प्रतिशत छ । त्यसैगरी पछिल्लो समय ७४ हजार ४५२ ले खोप लगाएको मन्त्रालयले जानकारी दिएको छ ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ३११ रहेको छ । अहिले होम आइसोलेसनमा छ हजार ७७९, संस्थागत आइसोलेशनमा ५३२, आइसीयुमा २२५ र भेन्टिलेटरमा ६६ जनाले उपचार गराइरहेका छन् ।

# हिमपहिरोमा १२० चौरी बेपत्ता

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २९ कार्तिक**

मुस्ताङको थासाङ गाउँपालिका-२ को जङ्गलमा चराउन लगिएका १५० याक र चौरी हिमपहिरोमा परेर बेपत्ता भएका छन् ।

कोवाङ, लार्जुङ, बोक्सीखोला र नाउरिकोटको शिरमा रहेको मानापाथी हिमालबाट खसेको हिउँपहिरोमा परेर दुई गोठका याक र चौँरीगाई बेपत्ता भएका हुन् । हिउँपहिरोले नाउरीकोटकी रत्नकुमारी शेरचनको घरको छानो उडाएको वडा अध्यक्ष नरप्रसाद हीराचनले जानकारी दिनुभयो । "भागदौड मच्चिदा सामान्य घाइते भएका कोबाङको जनआदर्श अमरसिङ माविका ११ जना शिक्षक विद्यार्थी जोमसोममा उपचारपछि घर फर्कनुभएको छ", उहाँले भन्नुभयो, "भीम शेरचन र सकेन्द्र गौचनका ६५/६५ वटा याक चौँरीमध्ये १०/१२ वटा मात्र भेटिएका छन् ।" हिमपहिरो आएको क्षेत्रमा भएका गोठाला सुरक्षितरुपमा सम्पर्कमा आएका छन् । १३० याक चौँरीमध्ये बाङ्गाकुलरले हेर्दा १०/१२ मात्र देखि एको र बेपत्ता चौरी हिमपहिरोले पुरिएको हुनसक्ने अनुमान गरिएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो। हिमपहिरोले जङ्गलमा रुख ढलाएको छ । वन्यजन्तुको बासस्थानमा क्षति पुगेको छ। हिमपहिरोपछि बोक्सी खोलामा पानीको सतह बढेको थियो । बेनी-जोमसोम सडकमा केही समय यातायात आवतजावत बन्द भएको थियो । नाउरीकोट गाउँको घरभित्र पसेको हिउँ पग्लिएर हिलाम्मे भएको छ। घरको छाना र आँगनमा सुकाएको बिस्कुन तथा खेतबारीको अन्नबालीमा पनि हिउँपहिरोले क्षति पुगेको छ । जङ्गलमा चर्न गएका गाई, भैंसी र भेडा पनि हताहत भएको हुनसक्ने वडाध्यक्ष हीराचनले बताउनुभयो । उवा र फापरबालीमा क्षति पुगेको छ ।

सांसद प्रेमप्रसाद तुलाचन, प्रदेशसभा सदस्य चन्द्रमोहन गौचन, महेन्द्र थकाली, प्रजिअ शर्मालगायत सुरक्षा अधिकारीको टोलीले स्थलगत निरिक्षण गर्नुभएको थियो । क्षतिको विवरण सङ्कलन भइरहेको कोवाङ प्रहरी चौकीका प्रमुख नेत्र जिटीले बताउनुभयो । हिउँसो ११:४० मा ठूलो आवाज हिउँको मुस्लो आएपछि भागाभाग भएको थियो । हिम पहिरोको धक्का नाउरिकोट गाउँ, बोक्सी खोला नजिक बेनी-जोमसोम सडकसम्म आउँदा त्रसित भएर भागाभाग भएको जनआदर्श अमरसिङ माध्यमिक विद्यालयका प्रअ खेम गुरुङले बताउनुभयो । हिउँदयाममा हिउँ जम्नुपर्नेमा बेमौसममा हिमपहिरो गएको प्रतिनिधिसभा सदस्य तुलाचनले बताउनुभयो । तापक्रम वृद्धि र जलवायु परिवर्तनको असरले बेमौसममा हिमपहिरो गएको उहाँको भनाइ छ ।

# कृषकको गुनासो : बाँदरले मकै ध्वस्त बनायो, राहत पाएनौँ

**पोखरापत्र संवाददाता**
**दमौली, २९ कार्तिक**

"गत असार ११ गते बाँदरले तीन रोपनी क्षेत्रफलमा लगाएको मकैखेती ध्वस्त बनायो, क्षतिको बारेमा नगरपालिकालाई जानकारी गराएँ तर क्षतिपूर्ति पाइँन", तनहुँको व्यास नगरपालिका-६ का कृषक नवराज न्यौपाने भन्नुभयो, "नगरपालिकाले कृषकलाई हेरेन ।"

व्यास नगरपालिकाले आइतबार आयोजना गरेको सार्वजनिक सुनुवाइमा गुनासो राख्दै उहाँ थप्नुभयो, "गत असार १२ गते नगरपालिकामा आएर अनुरोध गरेँ, बाँदरले दिएको दुःखका बारेमा जानकारी गराएँ, तर कुनै सुनुवाइ भएन ।" वर्षाले धान नष्ट हुँदा सरकारले क्षतिपूर्ति दिने सुनेपनि बाँदर आतङ्कबाट पीडित कृषकलाई नगरपालिकाले सम्बोधन नगरेको उहाँको गुनासो थियो । न्यौपानेले असारमा लगाउनुपर्ने धानको बीउ भदौमा मात्र पाएको, समयमै आलुको बीउ नपाएको गुनासो पनि राख्नुभयो ।

उहाँले विकास निर्माणमा पनि व्यास-५ र ६ लाई उपेक्षा गरिएको आरोप लगाउनुभयो । "हामीलाई त नगरपालिका छ र भन्ने अनुभूति नै छैन, विकासमा प्राथमिकतामा परेको छैन, मादीपारिको दुई वडालाई हेला गरिएको छ", उहाँले भन्नुभयो । व्यास -२ का तेजबहादुर विश्वकर्माले घर निर्माणका क्रममा पहुँचवालाले मापदण्ड पालना गर्न नपर्ने तर पहुँच नहुनेले सबै मापदण्ड पालना गर्नुपरेको गुनासो राख्नुभयो । सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरवासीले फोहरमैला व्यवस्थापन, घरनक्साको मापदण्ड, विकास निर्माण, कृषकका समस्यालगायतका विषयमा गुनासो राखेका थिए । नगरवासीको गुनासो सम्बोधन गर्दै नगरप्रमुख वैकुण्ठ न्यौपानेले फोहरमैला व्यवस्थापन, विकास निर्माणलगायतमा नगरपालिका गम्भीर भएर लागिपरेको बताउनुभयो ।

उहाँले फोहरमैलाको दीर्घकालीन व्यवस्थाका लागि व्यास-४ र १० को बीचमा पर्ने रानीपानी वनमा वातावरणीय अध्ययन भएको बताउँदै राष्ट्रिय वन भएकाले मन्त्रिपरिषद्बाट स्वीकृत गराउन बाँकी हुँदा ढिलाइ भएको उल्लेख गर्नुभयो । उहाँले बाँदर पीडितलाई राहत दिँदा थेगिनसक्नुहोला भनेर राहत दिन नसकिएको जनाउँदै भन्नुभयो, "व्यासका अधिकांश वडामा यसको समस्या छ, थेगिनसक्नु होला भनेर राहत दिन सकेका छैनौं, तर केही सम्बोधन भने अवश्य गर्छौं ।" न्यौपानेले विकास निर्माणमा सबै वडालाई प्राथमिकता दिइएको बताउँदै समानुपातिक रुपमा वडामा बजेट विनियोजन गरिएको बताउनुभयो ।

प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधानका कारण नगरपालिकाले नेपाल पत्रकार महासङ्घ तनहुँको सहकार्यमा सार्वजनिक सुनुवाइ गरेको हो । सार्वजनिक सुनुवाइमा प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देल, विभिन्न वडाका अध्यक्ष, शाखाका प्रमुखले गुनासोको सुनुवाइ गर्नुभएको थियो ।

# नेपाल वेद विद्याश्रमलाई महाविद्यालयमा स्तरोन्नति गरिने

**रासस**
**काठमाडौं, २९ कार्तिक**

पशुपति क्षेत्रस्थित वनकालीमा रहेको नेपाल वेद विद्याश्रमलाई महाविद्यालयमा स्तरोन्नति गरिने भएको छ ।

पशुपति क्षेत्र विकास कोषको मातहतमा सञ्चालन रहेको नेपाल वेद विद्याश्रमको ४८औं वार्षिक उत्सवका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले विद्याश्रमलाई दश जोड दुई (प्लस टु) पछिको चार वर्ष थप गरी स्नातक (शास्त्री) सम्म अध्ययन गर्न सक्ने महाविद्यालय बनाउन लागि पर्ने प्रतिबद्धता जनाउनुभएको हो ।

"वेद विद्याश्रमको बजेटमा कसैले पनि दुरुपयोग गर्नुहुँदैन, बालबालिकाको नाममा आएको बजेट कसैले दुरुपयोग गरेको थाहा भयो भने तुरुन्त कारबाही गर्नेछु, म आफू पनि तलमाथि गर्दिन र अरुलाई पनि गर्न दिन्न, विद्यार्थीको भविष्यमा खेलबाड गर्ने कसैको अधिकार छैन", उहाँले भन्नुभयो ।

# पूर्वाधारपछि पर्यटन केन्द्रित हुँदै ताराखोला

**पोखरापत्र संवाददाता**
**बागलुङ, २९ कार्तिक**

राजनीतिक परिवर्तनमा ठूलो योगदान गरेको ताराखोला गाउँपालिकाले विकासमा क्रमशः फड्को मार्न थालेको छ । ताराखोलामा स्थानीय तह बने यताको चार वर्षमा उल्लेख्य भौतिक संरचना थपिएका छन् । गाउँपालिकाको कुनै कार्यालय पनि अहिले भाडाका घरमा छैनन् ।

गाउँपालिकाको आफ्नै कार्यालय छ । झण्डै रु तीन करोडको लागतमा प्रशासनिक भवन ठडिँदैछ । पाँच सय क्षमताको आधुनिक बहुउद्देश्यीय सभाहल निर्माण सकिएको छ भने ताराखोला सङ्ग्रहालयको काम अन्तिम चरणमा पुऱ्याएको गाउँपालिकाको ध्यान पर्यटनमा केन्द्रित गरेको गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले बताउनुभयो । घुस्मेलीमा पक्की पुलसमेत निर्माण भइसकेको छ ।

“सडकमा भने भौगोलिक जटिलताका कारण सोचेजस्तो सुधार गर्न नसके पनि कार्यालय व्यवस्थापन, सभाहल, कर्मचारी आवास, वडा कार्यालय अहिले आफ्नै भवनबाट सञ्चालनमा ल्याएका छौँ,” उहाँले भन्नुभयो, “चार वर्षको अवधिमा आधारभूत भौतिक संरचना तयार भइसकेको छ, शहीद मार्ग कालोपत्रेका लागि पूर्वाधार निर्माण भइरहेको छ, तर भिरालो बस्ती भएका कारण सडक सञ्जालले सबै गाउँ छोए पनि सहजपूर्ण यात्रा गराउन सकिएको छैन, सडकमा लगानी ठूलो लाग्ने भएकाले समस्या छ ।” उहाँका अनुसार ताराखोला गाउँपालिकाका पर्यटकीय क्षेत्रको विकास र नयाँ पर्यटकीय क्षेत्र बनाउनका लागि एकीकृतरुपमा विस्तृत योजना प्रतिवेदन (डीपीआर) बनाएर अगाडि बढेको गाउँपालिकाका अध्यक्ष घर्तीले जानकारी दिनुभयो । पाँच वडा रहेको गाउँपालिकामा पर्यटनको सम्भावना तथा भौगोलिक बनावटका आधारमा पर्यटनको विकासका लागि पालिकाले काम थालेको छ । पालिकाले करिमेलामा स्टोन भिलेज गाउँ निर्माण, सिपमा पोखरी र पर्यटकीय पदमार्ग, अर्गलको गयरामा शहीद पार्क, मोतीमारेमा पर्यटकीय पार्क, सिद्ध गुफा संरक्षण र रानु भरनामा पूर्वाधार निर्माण गर्ने गरी १७ करोडको लागतमा डीपीआर तयार भइसकेको ताराखोला गाउँपालिकाले जनाएको छ ।

सङ्घीय सरकारको पर्यटन विभाग र स्थानीय तहको साझेदारीमा पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण गरिने गाउँपालिकाका उपाध्यक्ष दिलकुमारी पुनले जानकारी दिनुभयो । तत्काले स्टोन भिलेज गाउँ करिमेलाबाट पर्यटनको काम सुरु हुने र अहिले सङ्घ सरकारको रु ५० लाख र गाउँपालिकाको दश लाखमा काम सुरु हुनेछ । पालिकाले एक गाउँ एक पोखरी निर्माणअन्तर्गत नयाँ निर्माण र पुराना मर्मत गरी २० पोखरी बनाएको छ । शहीद उद्यानमा तयार गरिँदैछ । अहिले गाउँपालिकामा घरबाससमेत फस्टाउँदै आएको छ । कोरोनापछि घरबासमा राम्रै पाहुना आउन थालेको ताराखोलास्थित किकल्टा घरबासका सञ्चालक समितिका अध्यक्ष फूलमाया रोकाले जानकारी दिनुभयो । ताराखोलाको भुस पोल्ने मेला, एकादशी मेलालगायतमा मेला लक्षित गरी आउने पाहुनाको चाप बढी रहेको ताराखोलाका घरबासका सञ्चालक बताउँछन् ।



नदीमा फूलको तोरण तारिँदै : हरिबोधनी एकादशी पर्वका अवसरमा सोमबार तनहुँको दमौलीस्थित सेतीमादी दोभानमा फूलको तोरण तार्दै सर्वसाधारण । तस्बिर : कृष्ण न्यौपाने/रासस

# कोरला नाका जोड्ने सडक निर्माणमा भएको ढिलासुस्तीप्रति राष्ट्रियसभाका अध्यक्षको चासो

**पोखरापत्र संवाददाता**
**बेनी, २९ कार्तिक**

बेनी-जोमसोम-कोरला सडक आयोजना निर्माणमा भएको ढिलासुस्तीप्रति राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले चासो देखाउनुभएको छ । चीन र भारतलाई जोड्ने सबैभन्दा छोटो दूरीको कालीगण्डकी कोरिडोरअन्तर्गत म्याग्दी र मुस्ताङ खण्डमा सडक निर्माणको अनुगमनमा सोमबार मुस्ताङ पुग्नुभएका अध्यक्ष तिमिल्सिनाले ढिलासुस्तीप्रति असन्तुष्टि जनाउनुभएको हो ।

जोमसोम पुग्नुभएका अध्यक्ष तिमिल्सिनाले बेनी-जोमसोम खण्डमा भइरहेको सडक निर्माणको अवस्थाका बारेमा आयोजनाका अधिकारीसँग जानकारी लिएर कोरला नाकातर्फ प्रस्थान गर्नुभएको छ । विसं २०७३ देखि सुरु भएको १८६ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक आयोजनाको ११ मध्ये ६ वटा प्याकेजमात्र निर्माण सकिएको छ । आयोजनाका अधिकारीहरूले जोमसोम-कागबेनी सडक कालोपत्र हुन लागेको, बेनी-जोमसोम सडकको तेस्रो प्याकेज कैकुखोला-खन्ती खण्ड कालोपत्र अन्तिम चरणमा रहेको र तीनवटा प्याकेजको काम भइरहेको जानकारी गराउनुभयो । पच्चीस किलोमिटर दूरीको चराङ-छोसेर खण्डको सडक निर्माणमा भएको ढिलाइ भएको छ ।

सडक तयार भएसँगै कोरला नाका सञ्चालन गर्ने तयारीसहित पूर्वाधार निर्माण सुरु गरिने अध्यक्ष तिमिल्सिनाले बताउनुभयो । जोमसोममा पत्रकारसँग कुराकानी गर्दै उहाँले कोरलानाकामा भन्सार, क्वारेन्टाइन, सुक्खा बन्दरगाह र सुरक्षा चेक पोष्टलगायत पूर्वाधार निर्माणका लागि चालु वर्षभित्रै वातावरण अध्ययन प्रतिवेदन (इआइए) र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)को काम पूरा हुने जानकारी दिनुभयो ।

‘चालु वर्ष इआए र डिपिआर तयार गर्ने काम पूरा गरी अर्को वर्ष भन्सार लगायतको पूर्वाधार निर्माण गर्न ठेक्का सम्झौताको प्रक्रिया अघि बढाउन तयारी भएको छट, उहाँले भन्नुभयो, ‘भन्सार विभाग तथा सम्बन्धित अधिकारीहरुसँग कुराकानी गरिसकेको छु ।’ छोसेरको नेचुङमा बिओपी र लोमान्थाङको लुर्ङ फाँटमा नेपाली सेनाको क्याम्प खडा गरिएको छ । नेचुङमा बिओपीको भवन पनि निर्माण भइरहेको छ ।

यसअघि कात्तिक दोस्रो हप्ता राष्ट्रियसभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय उपसमितिको सभापति अनिता देवकोटा, सदस्य नारायणकाजी श्रेष्ठ र इन्दिरादेवी गौतमसहित सचिवालयकादुईजना कर्मचारीको टोलीले म्याग्दीको उत्तरी क्षेत्र हुँदै चीनको सिमानामा रहेको कोरला नाका जोड्ने सडक निर्माणबारे जानकारी लिएर फर्किएको थियो ।

# लुलाङमा स्वास्थ्य सामग्री सहयोग

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २९ कार्तिक**

भौगोलिकरुपमा विकट र दुर्गम क्षेत्रमा पर्ने म्याग्दीको धवलागिरि गाउँपालिका-२ लुलाङस्थित स्वास्थ्य चौकीलाई स्वास्थ्य सामग्री सहयोग प्राप्त भएको छ ।

लुलाङ, लमसुङ, खोरिया र मरेनीमा जन्मिएर स्वदेश तथा विदेशमा रहेकाले आर्थिक सङ्कलन गरेर सामग्री उपलब्ध गराएका हुन् । दश लिटर क्षमताको दुई वटा अक्सिजन कन्सन्ट्रेटर, दुई वटा शय्या, दुई थान मुटुको चाल नाप्ने र एक थान रक्तचाप नाप्ने उपकरण प्राप्त भएको वडा अध्यक्ष गमप्रसाद विकले बताउनुभयो । यसैगरी लमसुङ माध्यमिक विद्यालयलाई १६ थान प्लास्टिकको कुर्चा पनि उपलब्ध गराएको छ । लमसुङका भक्त सिडकिजा पुनले प्रवासमा, दिलीप गौचन, दिपक सिडकिजा पुन र बिर्खलाल कुमाईले नेपालमा समन्वय गरेर करिब रु तीन लाख ८० हजार जुटाउनुभएको थियो ।

सो रकमबाट स्वास्थ्य उपकरण, कुर्चा खरिद र ढुवानी गरी उपलब्ध गराइएको भक्त सिडकिजा पुनले बताउनुभयो । लुलाङका वडाध्यक्ष गमप्रसाद विक, स्वास्थ्यचौकीका इन्चार्ज सविन लामगादे र लमसुङ माविका सहायक प्रअ विमला सिडकिजा पुनलाई कात्तिक २३ गते सामग्री हस्तान्तरण र विदेशमा रहेका ३६ जना सहयोग दाताका परिवारलाई सम्मान गरिएको थियो । गत वैशाख र जेठमा फैलिएको कोरोना भाइरसको महामारीले लुलाङका दुई जनाको ज्यान जानुका साथै धेरै सङ्क्रमित भएका थिए । त्यसबेला स्वास्थ्यचौकीमा कोरोना सङ्क्रमितको उपचारका लागि पर्याप्त उपकरण नहुँदा समस्या भएको थियो । त्यसैलाई मध्यनजर गरेर उपकरण खरिद गर्न सहयोगका लागि अपिल गरिएको थियो । यसैगरी लमसुङ माविमा फर्निचरको अभाव भएपछि कुर्चा उपलब्ध गराउन पनि अभियानलाई जोडिएको थियो । उपकरण प्राप्त भए पनि विद्युत्को अभावमा प्रयोगमा ल्याउन सकिएको छैन । लुलाङमा विद्युत् आपूर्ति गर्ने दरखोला दोस्रो लघु जलविद्युत् परियोजनाको विद्युत् गृह र नहर गत भदौ २१ गतेको बाढीले बगाएको थियो । केन्द्रीय प्रसारण लाइन नपुगेको र लघु जलविद्युत् परियोजना बन्द भएकाले स्वास्थ्य उपकरण प्रयोगमा ल्याउन समस्या भएको हो । बयालिस किलोवाट क्षमताको दरखोला दोस्रो लघु जलविद्युत् परियोजनाको नहर, बाँध र खवाडको विद्युत्गृह बाढीले बगाएपछि लुलाङका ३६५ घरधुरी अन्धकारमा रात कटाउन बाध्य छन् । घरायसी काम, विद्यार्थीको पठनपाठन र विद्युत्बाट चल्ने उपकरणमा आधारित साना उद्योग ठप्प भएको छ । सोलार नभएका उज्यालोका लागि टुकी बाल्न बाध्य छन् । विसं २०७६ कात्तिकमा रु एक करोड ५२ लाखको लागतमा परियोजना निर्माण भएको थियो । यसअघि विसं २०७२ साउनमा जुगेपानीमा आएको पहिरोले विद्युत्गृह र नहर बगाएपछि मरेनीको फेदीमा परियोजना स्थानान्तरण गरिएको थियो । लुलाङ म्याग्दी जिल्लामा सबैभन्दा धेरै दलित समुदायको बसोबास भएको वडा हो । दरखोलाले कटान गरेर बस्तीको तलबाट चलेको पहिराका कारण लमसुङ्का भबहादुर पाइजा, ज्ञानबहादुर पाइजा, दलबहादुर राना, पलु पुन, मनप्रसाद सुनारको घर र स्वास्थ्यचौकीको भवन जोखिममा परेको छ । जुगेपानीको पहिरो रोकिए पनि तलबाट नयाँ पहिरो सिर्जना भएपछि स्थानीयवासी चिन्तित भएका छन् । पहिरो नियन्त्रण र केन्द्रीय प्रसारण लाइनको विद्युत विस्तार गर्न लुलाङवासीले माग गरेका छन् ।

# तनहुँ जलविद्युत् आयोजनाको निरीक्षण

**पोखरापत्र संवाददाता**
**दमौली, २९ कार्तिक**

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आइतबार तनहुँ जलविद्युत् आयोजनाको निरीक्षण गर्नुभएको छ । तनहुँको ऋषिङ गाउँपालिका-१ भापुटारमा निर्माणाधीन आयोजनाको निरीक्षण गर्दै घिसिङले तोकिएको समयभन्दा एक वर्ष अगावै आयोजनाको निर्माण कार्य सम्पन्न गर्न आग्रह गर्नुभयो ।

“महत्वपूर्ण दातृ निकायको सहभागिता रहेको आयोजना तोकिएकै समयभित्र सम्पन्न गरेर उदाहरण प्रस्तुत गर्नुपर्छ,” घिसिङले भन्नुभयो । सहकार्य गरेर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । घिसिङले बाँधको निर्माणकार्य ढिलाइ भएको उल्लेख गर्दै यसलाई प्राथमिकता दिएर काम अगाडि बढाउन निर्देशन दिनुभयो । कार्यकारी निर्देशक घिसिङलाई तनहुँ हाइड्रोपावरका प्रबन्ध निर्देशक किरण श्रेष्ठले आयोजनाको प्रगतिबारे जानकारी गराउनुभएको थियो । आयोजनाले तीन वटै प्याकेजका कामलाई निरन्तरता दिइरहेको छ । प्याकेज १ अन्तर्गत नदी फर्काउने, बाँध निर्माणलगायतका कामका लागि तयारी थालिएको छ । उक्त कामका लागि आयोजनाले सोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभीसँग सम्झौता गरेको थियो । आयोजनाको प्याकेज १ (हेडवर्क्स) निर्माण कार्यका लागि निर्माण कम्पनी सिएमसी डि राभेना, इटालीसँग विसं २०७५ असोज १५ मा सम्पन्न खरिद सम्झौता रद्द भए पश्चात् कम्पनीले विसं २०७६ वैशाख १२ गते पुनः बोलपत्र आह्वान गरेको थियो । कम्पनीले उक्त बोलपत्र प्रक्रियामा प्राप्त कुनै पनि प्राविधिक बोलपत्र सारभूत रुपमा प्रभावग्राही हुन नसकेकाले सबै बोलपत्र अस्वीकृत गरी एशियाली विकास बैंकको खरिद निर्देशिका अनुरुप विसं २०७६ फागुन १६ गते दोस्रो पटक पुनः बोलपत्र आह्वान गरेको थियो ।

आयोजना प्रमुख अच्युत घिमिरेले प्याकेज १ अन्तर्गतको कामका लागि मोबाइल क्रसर प्लाण्ट निर्माण, खोला क्रसिङ गर्ने काम भइरहेको जानकारी दिनुभयो । प्याकेज २ अन्तर्गत सिनो हाइड्रोले भूमिगत काम गरिरहेको छ । जसअनुसार हाल पाँच ठाउँमा काम भइरहेको छ । आयोजना प्रमुख घिमिरेका अनुसार पावरहाउस, वर्क टनेल, सर्च ट्याङ्क लगायतका काम भइरहेकोछ।प्याकेज ३ अन्तर्गतको प्रशारण लाइन निर्माणको कामले पनि तीव्रता पाएको छ ।

# कांग्रेसको १४औँ महाधिवेशन तयारी तीव्र, विभिन्न समिति गठन

**पोखरापत्र संवाददाता**
**काठमाडौँ, २९ कार्तिक**

नेपाली कांग्रेसले आसन्न १४औँ महाधिवेशनको तयारीलाई तीव्र बनाएको छ । पार्टीले महाधिवेशन सम्पन्न गर्न विभिन्न समिति र उपसमिति गठन गर्नाका साथै व्यवस्थापकीय कार्य अघि बढाएको छ । कांग्रेसको महाधिवेशन आगामी मङ्सिर २४ देखि २६ गतेसम्म काठमाडौँमा तय गरिएको छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको आइतबार सम्पन्न बैठकले महाधिवेशन सम्पन्न गर्न केन्द्रमा सभापति शेरबहादुर देउवाको संयोजकत्वमा महाधिवेशन तयारी मूल समिति गठन गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । समितिमा केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू, आमन्त्रित केन्द्रीय सदस्यहरू, सङ्घीय संसद्का सदस्यहरू, सातवटै प्रदेशका प्रदेश संसदीय दलका नेताहरू सदस्य रहनुभएको छ । यस्तै केन्द्रीय सदस्य ज्ञानेन्द्रबहादुर कार्कीको संयोजकत्वमा अर्थ सङ्कलन समिति, सहमहामन्त्री डा प्रकाशशरण महतको संयोजकत्वमा विदेशी पाहुना स्वागत तथा व्यवस्थापन, प्रवक्ता विश्वप्रकाश शर्माको संयोजकत्वमा प्रचारप्रसार, केन्द्रीय सदस्यहरू सुरेन्द्रराज पाण्डेको संयोजकत्वमा भोजन तथा आवास व्यवस्थापन, मोहनबहादुर बस्नेतको संयोजकत्वमा स्वास्थ्य र सीता गुरुङको संयोजकत्वमा सांस्कृतिक समिति गठन गरिएको छ । नेपाल भूतपूर्वसैनिक सङ्घका अध्यक्ष कर्णेल धनबहादुर मास्की रानाको संयोजकत्वमा स्वयंसेवक व्यवस्थापन र पार्टीको काठमाडौँ जिल्ला सभापति संयोजक र ललितपुर एवं भक्तपुर जिल्ला सभापति सदस्य रहेको उद्घाटन समारोह एवं मञ्च व्यवस्थापन समिति गठन गरिएको उहाँले बताउनुभयो । केन्द्रीय महाधिवेशन प्रतिनिधिले नामावली दर्ता शुल्कबापत रु तीन हजार बुझाउनुपर्ने पार्टीले निर्णय गरेको छ ।

बैठकले आयरल्यान्ड, फ्रान्स, नेदरल्यान्ड, बेलायत, साइप्रस, पोर्चुगल (छुट ४० जना) र क्यानाडास्थित नेपाली जनसम्पर्क समितिहरूबाट प्राप्त क्रियाशील सदस्यताको नामावलीको सूचीलाई स्वीकृत गर्ने र तत्काल नवीकरणको मिति प्रस्ताव गर्न निर्देश गर्ने निर्णय गरेको छ । यस्तै नेपाली जनसम्पर्क समिति अष्ट्रेलिया र नेपाली जनसम्पर्क समिति डेनमार्कका नवीकरण गर्न छुट भएका पुराना क्रियाशील सदस्यले नवीकरण गर्न चाहेमा र क्रियाशील सदस्यता पाउन योग्यता पुगेका र आवेदन गरेका व्यक्तिले नयाँ सदस्यता लिन चाहेमा तोकिएको शुल्क लिई नवीकरण गरिदिने र नयाँ सदस्यता प्रदान गर्ने गरी उक्त देशबाट प्राप्त क्रियाशील सदस्यता स्वीकृत गरिएको छ । नेपाली जनसम्पर्क समिति इजरायल र पोर्चुगलबाट पठाइएको संशोधित विधानलाई स्वीकृत गरिएको छ । क्रियाशील सदस्यताको नामावली, सदस्यता शुल्क र सहयोग रकम (लेवी) लगायतको विवरण पठाउन बाँकी रहेका जनसम्पर्क समितिहरूलाई एक हप्ताभित्र पठाउन निर्देश गर्ने बैठकले निर्णय गरेको छ । अधिवेशन सम्पन्न भएका जनसम्पर्क समितिहरूबाट प्राप्त प्रतिवेदनअनुसार महाधिवेशनमा प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरूको नामावली विवरण क्रमशः केन्द्रीय निर्वाचन समितिलाई उपलब्ध गराउने बैठकको निर्णय छ ।

यूरोपस्थित अष्ट्रियामा बसोबास गर्ने १११ जना नेपालीको उपस्थितिमा भेलाको आयोजना गरी, नेपाली जनसम्पर्क समिति स्थापना गरी आबद्धताका लागि हस्ताक्षरसहित उपस्थितिको प्रतिलिपि, विधानको मस्यौदालगायत आवश्यक कागजात पेस हुन आएकाले, नेपाली जनसम्पर्क तदर्थ समिति अष्ट्रियालाई आबद्धता प्रदान गरिएको छ । यसैगरी मुलुकका सात प्रदेशमा पार्टीको प्रदेश अधिवेशन सम्पन्न गर्न प्रदेश अधिवेशन आयोजक समिति गठन गरिएको छ । त्यसका लागि प्रदेश नं १ मा नेता कृष्णप्रसाद सिटौला, प्रदेश नं २ मा नेता रमेश रिजाल, वाग्मती प्रदेशमा नेता प्रकाशमान सिंह, गण्डकी प्रदेशमा नेता गोपालमान श्रेष्ठ, लुम्बिनी प्रदेशमा नेता बालकृष्ण खाँण, कर्णाली प्रदेशमा नेता जीवनबहादुर शाही र सुदूरपश्चिममा नेता दिलेन्द्रप्रसाद बडुलाई संयोजकको जिम्मेवारी तोकिएको छ । प्रदेश अधिवेशन आयोजक समितिमा सम्बन्धित प्रदेशभित्रका पार्टीका केन्द्रीय सदस्यहरू, जिल्ला सभापतिहरू, प्रदेशसभा संसदीय दलका नेता र प्रदेशसभा सदस्यहरू, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, नगरपालिकाका प्रमुख र उपप्रमुख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष सदस्य रहनुहुनेछ । प्रदेश अधिवेशन प्रतिनिधिले नामावली दर्ता शुल्कबापत रु दुई हजार बुझाउनुपर्नेछ।कांग्रेसको पहिलोपटक गर्न लागेको पार्टीको प्रदेश अधिवेशन आगामी मङ्सिर १६ र १७ गर्ने अधिवेशन कार्यतालिका छ ।

# कालीगण्डकीमा स्नान गर्ने भक्तजनको घुइँचो

**पोखरापत्र संवाददाता**
**पर्वत, २९ कार्तिक**

हरिबोधनी एकादशीका अवसरमा पवित्र कालीगण्डकी नदीमा स्नान गर्न हजारौँको सङ्ख्यामा भक्तजनको भीड लागेको छ ।

मोदीखोला र कालीगण्डकी नदीको सङ्गममा पर्ने पर्वतको मोदीवेणी धाम, जैमिनी घाट, विश्वकै ठूलो शालिग्राम शिला रहेको दक्षिण पर्वतको शालिग्रामस्थित सेतीवेणी, गोपाङघाट, पुर्तिघाट, जैमिनीघाटलगायतका स्थानमा स्नान गर्ने भक्तजनको घुइँचो लागेको छ । स्नान गर्नका लागि पर्वतका साथै बागलुङ, स्याङ्जा, गुल्मी, पाल्पा र भैरहवा तथा भारतबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु भक्तजन आएका छन् । उक्त स्थानमा मेलासमेत लागेको छ ।

कालीगण्डकीमा स्नान गरी भगवान् विष्णुको अवतार मानिने शालग्रामको पूजा गरेमा पुण्य प्राप्त हुने विश्वासमा भक्तजन निराहार व्रतबसी स्नान गर्ने चलन छ । हरिशयनी एकादशीदेखि चौमास व्रत बसेकाले पनि आज कालीगण्डकी नदीका विभिन्न स्थानमा तोरन टाँग्ने प्रचलन छ । कालीगण्डकीमा तोरन टाँग्नका लागि विभिन्न जिल्लाबाट बाजागाजा र भजनकीर्तनसहित हजारौँ दर्शनार्थीको भीड लागेको मोदीवेणीधाम व्यवस्थापन समितिका सदस्य युवनाथ रेग्मीले जानकारी दिनुभयो ।